'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily

राष्ट्रिय दैनिक

वर्ष १ | अंक : १५७ | शनिबार १९ माघ, २०८१ | 01 (Saturday) February 2025 | पृष्ठ ४, | मूल्य रु : १०।-

### लोपोन्मुख समुदायका महिलाहरु पनि राज्य खोज्दै

## बाँकेमा पहिलो पटक चिडिमार समुदायका लागि सञ्जाल गठन

नमस्ते समचारदाता

बाँके, माघ/१८



चिडिमार समुदायका महिलाको हकहित तथा उत्थानको उद्देश्यसहित नेपालगन्जमा पहिलो पटक सुनिता चिडिमारको अध्यक्षतामा राष्ट्रियस्तरको सञ्जाल गठन गरिएको छ । नेपालगन्ज उपमहानगरपालिका वडा १२ को पहलमा सो चिडिमार महिला सञ्जाल गठन गरिएको हो । सञ्जालको उपाध्यक्षमा लक्ष्मी चिडिमार, सचिवमा अनुषा चिडिमार, सहसचिवमा सवनकुमारी चिडिमार, कोषाध्यक्षमा दुर्गा देवी चिडिमार रहेका छन् । ११ सदस्यीय कार्यसमिति सदस्यमा समरिया चिडिमार, अस्मिता चिडिमार, बसन्ती चिडिमार, सिता चिडिमार र प्रतिक्षा चिडिमार रहेका छन् । वडाअध्यक्ष बज्राचार्य, महिला सदस्य सुशिला पन्त, दलित महिला सदस्य चन्दा चिडिमार, सदस्य राज कुमार बाल्मिकी, सदस्य विनोदकुमार रस्तोगी, वडाको आमा समूहका अध्यक्ष एंव पदाधिकारी लगायतको उपस्थितिमा सञ्जाल गठन गरिएको थियो । चिडिमार समुदायको हक अधिकार, उत्थान तथा सो समुदायको राज्यका हरेक निकाय र तहमा पहुँच स्थापित गर्ने उद्देश्यले राष्ट्रिय स्तरको सञ्जाल निर्माण गरिएको नेपालगन्ज १२ का वडा अध्यक्ष तरुण बज्राचार्यले जानकारी गराएका हुन । बज्राचार्यले सो समुदायका महिलाको शसक्तिकरणका लागि सञ्जालको आवश्यकता देखिएको जनाउँदै सञ्जाल सक्रिय भएमा उनीहरु आफै आफ्ना समस्या उठान तथा समाधान खोज्न सक्ने क्षमताको विकास हुने बताए । महिला सञ्जाल पहिलो पटक गठन गरिएको चिडिमार समुदायका अगुवा रामु चिडिमारले बताए । उनका अनुसार नेपालमै सबैभन्दा बढी बाँकेमा यस समुदायको बसोबास रहेको छ । सञ्जाल मार्फत सो समुदायका महिलाको हक अधिकार र सामाजिक समस्याविरुद्ध सचेतनामुलक कार्यक्रम गरिनेछ । चिडिमार समुदायका अगुवा रामुका अनुसार नेपालको बाँके, बर्दिया, सिरहा र सप्तरी जिल्लामा चिडिमार समुदायको बसोबास रहेको पाइन्छ । बर्दियामा २० जनाको संख्यामा यो समुदाय रहेको छ । बाँकेमा १ हजार ६०० को हाराहारीमा रहेका छन् । जिल्लाको जानकी गाउँपालिकाको करमोहना, नरैनापुर, शम्शेरगन्ज, कोहलपुर नगरपालिकाको वडा नम्बर १४ र १५ र नेपालगन्ज उपमहानगर पालिकाको वडा नम्बर १ र १२ मा यो समुदायको बसोबास रहेको छ ।

## गोरखा युनाइटेड पब्लिक स्कूलद्वारा वृहत योग तथा ध्यान शिविरको आयोजना

सरला सुवेदी

कोहलपुर, माघ/१८



कोहलपुर नगरपालिका वडा नं. २ मा अवस्थित गोरखा युनाइटेड पब्लिक स्कूलले आफ्नो सामाजिक उत्तरदायित्व बहन गर्दै यही माघ २२ र २३ गते वृहत योग तथा ध्यान शिविरको आयोजना गर्ने भएको छ । समाजलाई सकारात्मक दिशातर्फ डोहोर्याउने उद्देश्यले आयोजित यस शिविरमा पहिलो पटक योग गुरु डा. योगी विकासानन्दको विशेष उपस्थित रहनेछ । विद्यालयका संस्थापक तथा सञ्चालक केशर बहादुर आले मगरले कोहलपुरमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराउँदै योग तथा ध्यान शिविरमा माननीय सांसदहरू, उच्च अदालतका न्यायाधीशहरू, जिल्ला समन्वय समिति पदाधिकारीहरू, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरू, स्थानीय सरकारका प्रमुखहरू, वडा अध्यक्षहरू, सरकारी तथा गैरसरकारी कार्यालयका कर्मचारीहरू, विद्यालयका शिक्षक-कर्मचारीहरू तथा सर्वसाधारणहरूको समेत सहभागिता रहने बताउनुभयो । आयोजक विद्यालयका अनुसार शिविरमा करिब २ हजार जनाको उपस्थिति रहनेछ । विद्यालयले सहभागीहरूका लागि दिवा भोजन तथा खाजाको व्यवस्था समेत गर्ने बताइएको छ । योग गुरु विकासानन्दको सल्लाह अनुसार शिविरमा खाली पेट उपस्थित हुनुपर्ने भएकाले विद्यालयले भोजन तथा खाजाको उचित प्रबन्ध गर्ने जनाएको छ । विद्यालयको खेल मैदानमा आयोजना गरिने उक्त शिविरमा योग गुरु डा. योगी विकासानन्दले जीवनशैली व्यवस्थापन, तनाव व्यवस्थापन तथा विविध सांस्कृतिक विचलनहरूबारे प्रवचन दिनुहुनेछ । योग र ध्यानबाट समाजमा संस्कार तथा संस्कृतिको संरक्षण गर्न सकिने विश्वास आयोजक पक्षको छ । माघ २२ गते बिहान ८:१५ बजे डा. योगी विकासानन्दले दीप प्रज्वलन गरी शिविरको उद्घाटन गर्ने कार्यक्रम तय गरिएको छ । सञ्चालक आले मगरका अनुसार आधुनिक प्रविधि, मोबाइल तथा सामाजिक सञ्जालको प्रभावले समाजमा विकृति-विसंगति बढ्दै गएको सन्दर्भमा, सकारात्मक सोच र अनुशासित जीवनशैली विकास गर्न योग तथा ध्यान अति आवश्यक छ। उनले योगले स्वास्थ्य समस्याहरू समाधान गर्न मात्र नभई, मानसिक शान्ति तथा आत्मनियन्त्रणको अभ्यास गर्न मद्दत गर्ने बताउनुभयो । २ दिनसम्म सञ्चालन हुने यस वृहत योग तथा ध्यान शिविरमा सर्वसाधारणलाई समेत सहभागिताका लागि विद्यालयले विशेष आह्वान गरेको छ।

## वन्यजन्तुहरु हेर्न बर्दिया राष्ट्रिय निकुञ्जमा पर्यटकको संख्या बढ्यो

नमस्ते समचारदाता

बर्दिया, माघ/१८




पश्चिम नेपालमा सबैभन्दा बढी बाघ रहेको निकुञ्ज बर्दिया राष्ट्रिय निकुञ्जमा बाघ, गैंडा, हात्ती र अन्य वन्यजन्तु हेर्न आउने पर्यटकको संख्या अघिल्लो आर्थिक वर्ष २०७९/०८० को तुलनामा गत आर्थिक वर्ष २०८०/०८१ मा त्यहाँ आउने पर्यटकको संख्यामा ११ प्रतिशतले वृद्धि भएको बर्दिया राष्ट्रिय निकुञ्जले जनाएको छ । निकुञ्जका अनुसार बाघ अवलोकनका लागि प्रख्यात मानिने निकुञ्जमा अघिल्लो आर्थिक वर्षको भन्दा गत आर्थिक वर्ष २०८०/०८१ मा १ हजार ८०७ जना पर्यटक बढी आएका थिए । निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत डा.अशोककुमार रामका अनुसार निकुञ्जमा अघिल्लो आर्थिक वर्ष २०७९/०८० मा १६ हजार ७२२ नेपाली, ६ हजार ३८३ विदेशी र एक हजार २१९ सार्क मुलुकका नागरिकले निकुञ्ज भ्रमण गरेका थिए । गत आर्थिक वर्ष २०८०/०८१ मा १८ हजार १० जना नेपाली, छ हजार ६८४ जना विदेशी र एक हजार ४३७ जना सार्क मुलुकका गरी २६ हजार १३१ जना पर्यटकहरू निकुञ्ज घुम्न आएका थिए । निकुञ्जमा अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा नेपाली, विदेशी र सार्क मुलुकका पर्यटकहरूको संख्यामा उल्लेख्य वृद्धि भएको थियो । बर्दिया राष्ट्रिय निकुञ्जमा सबैभन्दा बढी राजस्व संकलन पर्यापर्यटनबाट हुने गरेको तथ्यांकले देखाएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा सबैभन्दा बढी २ करोड ८४ लाख ४ हजार ५०० रुपैयाँ पर्यापर्यटनबाट संकलन भएको निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत डा.रामले बताए। गत वर्षको तुलनामा चालु आर्थिक वर्षमा पनि पर्यटकहरूको संख्यामा वृद्धि हुने देखिएको बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयले जनाएको छ । गत वर्षहरूको तुलनामा पर्यटकहरू र उनीहरूबाट संकलन हुने राजस्व दुबैमा वृद्धि भएको पाइएको छ । नेपालीहरू पनि पर्यटकीय क्षेत्र घुम्नका लागि आउने क्रम बढेको छ । सहजै बाघ हेर्न सकिने भएको हुनाले पर्यटकहरू बर्दिया राष्ट्रिय निकुञ्ज आउने गरेको जनाइएको छ । क्रमशः पर्यटकहरूको वृद्धि हुन थालेसँगै बर्दियाका पर्यटन व्यवसायीहरू पनि उत्साहित भएका छन् ।

बाँकी ३ पेजमा...

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई

सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.

सम्पर्क : कोहलपुर-११, बाँके

ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट

कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९

FOLLOW US

: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन

namastekarnali2067@gmail.com 9847246903

# सपना छरिएका सडकहरू

**किशोर नेपाल**



सपना देख्न कि त मानिसको दिमाग साह्रै बोझिलो हुनुपर्छ कि साह्रै हलुका। मानिसहरू सपना देखिरहेकै हुन्छन्, राति निद्राको तरंगमा पनि, दिउँसो कामको भीडमा पनि। सपना देख्न यस्तै अवस्था चाहिन्छ भन्ने केही छैन। केही पढेलेखेका मानिसहरू राति निद्राको तरंगमा तरंगित भइरहेका हुन्छन्। त्यसबेला उनीहरूलाई कलम र कागज चाहिन्छ। अक्षरको प्रयोगमा पहुँच भएका मानिस सधैं आफ्नो सिरानीमा एउटा कलम र एउटा सानो नोटबुक राखेर सुत्ने गर्छन्। मैले कसैबाट सुनेको थिएँ- कवि गोपालप्रसाद रिमालले आफ्नो सुप्रसिद्ध कविता 'आमाको सपना' मा 'हो, त्यो आउँछ' भनेर जुन दृढताका साथ परिवर्तनको आगमन हुने बताउनुभएको थियो, त्यो यथार्थ सावित भयो। परिवर्तन त यथार्थ भयो। तर, देश कवि रिमालकै नाटक 'मसान' की नायिका युवतीको गर्भझैं बाँझो रह्यो। त्यसो त आजको गतिशील जमानामा मानिसलाई फोन वा नोटप्याडको सुविधा छ। सपनाको टिपोट गर्न, पुरानो जमानामा जस्तो सिरानीमा नोटबुक र कलम राख्नुपर्दैन। बोलेर पनि आफ्ना सपनालाई मेसिनमा जोगाउन सक्ने अवस्थामा पुगिसकेको छ आजको मानिस। तर, यो पनि उत्तिकै सत्य हो, राति मस्त सुतेको मानिसले देखेको सपना रेकर्ड गर्ने प्रविधि अझै आइसकेको छैन होला। मानिसका आँखा झपक्क हुनेबित्तिकै प्रायः देखिने सपनाका अद्भुत नाङ्गा यथार्थ र त्यसका भावहरूलाई जस्ताको तस्तै उतार्न सक्ने मेसिन पनि पक्कै बनेको छैन होला। कुन्नि, बनेको पनि छ कि ? त्यस्तो मेसिन बन्यो भने के होला ? संसारको चलन पनि विचित्रको छ। अझ हाम्रो देशको चलन त विचित्र मात्रै होइन, अनौठो पनि छ। संसारका सबै समाज सत्ताकेन्द्रित हुन्छन्। जो सत्ताको केन्द्रमा रहन्छ र टिक्छ, ऊ नै सर्वाधिक शक्तिशाली मानिन्छ। यो सामन्तवाद, आभिजात्यवाद, साम्यवाद र पुँजीवादको कुरा होइन। मानिसका उपलब्धिका रूपमा रहेका भौतिकवादी विचार र वैज्ञानिक आविष्कारले पनि सत्ताकेन्द्रित शक्तिको मनोविज्ञानलाई प्रभावित गर्न सक्दैनन्। यो त विश्वव्यापि प्रवृत्ति हो। सपनाका विश्लेषणकर्ताहरू भन्छन्, यो देशको मात्रै कुरा होइन, यसमा त संस्कृति र संस्कार पनि गाँसिएको छ। कुरा सुनेर अचेल उसको मन अलि बढी नै खिस्रिक्क हुन थालेको छ र खलबलिएको छ। मन खलबलिएपछि मानिसले धेरै सपना देख्न थाल्छ : राम्रा पनि र नराम्रा पनि। अघिल्लो साताको आइतबार रातको अन्तिम प्रहरमा देखेको एउटा सपनाले मलाई निकै कोपरेको थियो। सपना भयावह थियो। तर, त्यो भय चाहिँ केको थियो ? त्यो सपनाको अर्थ र अनर्थको खोजीमा मैले कुनै विद्वान् ज्योतिषकहाँ जाने विचार नगरेको होइन। तर, सपना त सपना नै हो। त्यसको अर्थ खोज्नु भनेको अर्को त्यस्तै सपना देख्ने चाहना मात्रै हो। म आफूले देखेको सपनाका बारेमा एकछिन सोच्छु। त्यसलाई आफ्नो नोटबुकमा उतार्न खोज्छु। त्यसो गर्दागर्दै म आफैंले देखेको सपनाको आकार र आयतन दुवैलाई भुसुक्क बिर्सिन्छु। सपनाको त्यो अध्याय त्यहीं सकिन्छ। अर्को रात मैले अर्कै सपना देख्ने इच्छा राखेको हुन्छु। सपना त सपना हो। सपना सोच्दैमा देखिने कुरा पनि होइन। आखिर संसारमा जतिसुकै चामत्कारिक आविष्कार भए पनि सपनाको रेकर्डिङ गर्ने मेसिनको आविष्कार भएको पत्तो पाइएको छैन। मानिसको सपनालाई क्यामरामा कैद गरेर युट्युब च्यानलमा देखाउन सकिने भए जनतालाई 'इमोसनल ब्ल्याकमेल' गर्न कति सहज हुन्थ्यो होला : सरकार चलाउनेहरू र उसका विपक्षमा बसेकाहरूका लागि ? हिजो राति मैले देखेको सपनामा सडकको पूर्वीछेउ च्याप्दै हुइँकिएर आएको एउटा बाइकले एउटा ईभी कारलाई झन्डै ठक्कर दिएन। बाइकरको आँखा बाइकको ह्यान्डिलमा अड्काएर राखेको मोबाइलमा थियो। उसको कानमा 'श्रवण यन्त्र' अड्किएको थियो। अचेल बेरोजगार केटाहरू 'पठाओ' चलाउँछन्- चारपाङ्गे ट्याक्सी चढ्ने औकात नभएका यात्रीहरूका लागि आवागमनको सजिलो साधन। पुतलीसडकबाट नयाँ सडक गए चालीस रुपैयाँ, नयाँ सडकबाट पुतलीसडक आए पैंतालीस रुपैयाँ। सहरमा बसहरू पनि चल्छन्। पहिले पहिले त ट्रली बस पनि चल्थ्यो : काठमाडौं सहरदेखि भक्तपुर सहरसम्म, भक्तपुर सहरदेखि काठमाडौं सहरसम्म। त्यसको मजा अर्कै थियो। जलस्रोतको धनी यो देशमा उज्यालो लोडसेडिङमा परेपछि त्यो सेवा बन्द भएको थियो। अहिले त ट्रली बस चलाउने 'अवधारणा' नै पुरानो भइसकेको छ। बाइकले ईभी कारलाई ठक्कर नदिए पनि पैदल यात्रुहरूको मनमा एउटा त्रास थपिएको थियो। एक त सहरका पैदलयात्रुहरू कार देखेरै डराउँछन्। उहिल्यै कवि भैरव अर्यालले आफ्नो एउटा कवितामा काठमाडौंका चारफुट चौडा सडकमा दौडिने नौ फुट लामा बसहरूको चित्रण गरेका थिए। तत्कालीन समयमा त्यो कविता यथार्थको संवाहक बनेको थियो। अहिलेको समयमा चाहिँ टालटुल गरेर जसोतसो धानिएका काठमाडौं सहरका सडकमा बाइक उचालिएर पेटीतिर उफ्रँदा कति पैदलयात्रु दुर्घटनाको सिकार हुनुपर्ने हो ? डर पलाएको छ। सडकको आयतनभन्दा ठूला कार चढ्नेहरू सडकप्रति सचेत छन्। उनीहरूले ठूला कार नचलाउने हो भने यो सहरको इज्जत कसरी धानिने हो ? कसैले भन्न सक्दैन। आखिर मानिसको सुख र भोग विलासको प्रदर्शनीको पहिलो थलो पनि सहर नै हो भने भयको पहिलो कारण पनि सहर-बजारमा हुने दुर्घटना नै हो। 'झन्डै' हुन लागेको दुर्घटनाले बोझिलो भएको मन, अलिकति डर, अलिकति त्रास र जाडो मौसममा लम्किएर हिँड्दा आउने अलि कति पसिना। यो तनाव बोकेर अफिसमा छिर्दा एकाएक प्रश्न आयो- मौलिक शब्दलाई अंग्रेजीमा के भन्ने ? यो सहरमा अहिले पनि मौलिक शब्द चलनचल्तीमा रहनु गजबकै कुरा थियो। तर, मौलिकको अंग्रेजी शब्दार्थर् तत्काल सम्झनामा आएन। एकछिन पछि सम्झिएँ : मौलिक अर्थात् ओरिजिनल। त्यसपछि अर्ग्यानिक शब्द पनि चर्चामा आयो। काठमाडौं सहरमा अचेल अर्ग्यानिक शब्दको आँधी-बेहरी नै आएको छ : अर्ग्यानिक कफी, अर्ग्यानिक चुलो, अर्ग्यानिक भान्सा, अर्ग्यानिक डान्स, अर्ग्यानिक खेती र अर्ग्यानिक सेक्स। मैले आफूलाई कुनै उपन्यासकारले लेख्दै गरेको उपन्यासको अधुरो परिच्छेदसँग तुलना गरें। विगत केही समयदेखि म ओरिजिनल र अर्ग्यानिक शब्दका अर्थहरूको खोजीमा लागेको छु। प्राध्यापक शंकरराज पाठकको व्याख्या अनुसार, ओरिजिनलको अर्थ नैसर्गिक हो र अर्ग्यानिक भनेको संघटनात्मक। शब्दहरूको भीडमा यी दुई शब्द विलुप्त हुँदै छन्। पूरै नेपाली समाज त नभनौं, हाम्रो आफ्नै देश नेपालका सहर-बजारहरूमा यी शब्दले खासै महत्त्व राख्दैनन्। समय सँगसँगै शब्दहरूको रूपान्तरण हुने गर्छ। कति शब्दका अर्थहरू नबुझिने हुन्छन्। केही समय प्रयोग नगर्ने हो भने शब्दहरू आफैं शब्दहरूकै कोलाहलमा हराउँछन्। हिजोसम्म 'जनयुद्ध' आकर्षक शब्द थियो, खास गरेर विपन्न वर्गका लागि। अहिले त्यो शब्दमा कुनै आकर्षण रहेन। जनयुद्धका नायकहरू कतिबेला खलनायकमा परिणत भए ? कसैले पत्तो नै पाएन। तर, जनयुद्धको धङधडी भने अहिले पनि कायम नै छ। त्यसको भय घटेको छैन। त्यो जनयुद्ध नैसर्गिक थियो कि संघटनात्मक ? ऐन्द्रिक थियो कि जैविक ? मानिसका विचारहरू शृंखलाबद्ध हुन्छन् कि हुँदैनन् ? मलाई त त्यो पनि थाहा हुन छाडेको छ। विचारको खडेरी परिसकेको त छैन ? यस्ता मानिसहरू अहिले पनि थुप्रै छन्, जो सत्ताको केन्द्रमा नबसेरै पनि सत्तालाई हल्लाउने ताकत राख्छन्। सामान्य जनतालाई शक्तिको आधार बनाएर विचारका बलमा बाँचेका ती मानिसको प्रासंगिकताको चर्चा अहिले कतै हुँदैन। सामाजिक सञ्जालमा हल्लिएर आफ्नो महत्त्व स्थापित गर्नेहरूको भीडमा विचारहरू अरण्यरोदन सावित हुनु ठूलो कुरा होइन। विचारहरू अहिलेका लागि अरण्यरोदन सावित होलान्। तर, तिनका महत्त्व कहिल्यै धरापमा पर्दैनन्। शब्दहरू सृष्टि र सिर्जनाका आवश्यकता हुन्।

*-कान्तिपुर*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

शुभकालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुकाटिया, कालीकोट

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौ, बाजुरा

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

नाम्खा गाउँपालिका
हुम्ला

# संरक्षण हुन सकेन हुड्के नाच

■ नमस्ते समचारदाता
जुम्ला, माघ/१८



जुम्लामा पछिल्लो समय हुड्के नाच लोप हुँदै गएको छ । कुनै बेला गाउँमा हुने प्रायः मेलापर्व, विवाह, व्रतबन्ध, सार्वजनिक कार्यक्रममा सुमधुर स्वरमा यो नाच नाच्ने गरिन्थ्यो । यहाँका आठवटै स्थानीय तहका धेरैजसो गाउँघर परम्परागत हुड्के नाचको धूनले गुञ्जायमान भइरहन्थे तर पछिल्लो समय भने आधुनिकताको प्रभावसँगै यो नाच लोप हुन थालेको छ । तिला गाउँपालिका-१ का कर परियारले गाउँघरमा सबैजना जम्मा भएर सुन्ने र हेर्ने मौलिक हुड्के नाच हिजोआज लोप हुन थालेको बताउनुभयो । स्थानीय सरकार र सरोकार भएकाहरूले कुनै चासो नराख्दा यो नाच लोप हुने अवस्थामा पुगेको उहाँले गुनासो गर्नुभयो । "हाम्रो पुस्ताले केही समय त यसको संरक्षणका लागि योगदान गऱ्यौँ तर एक पक्षले मात्रै चिन्ता गरेर नहुने रहेछ । समाज र सरोकार भएकाहरूले पनि चासो राख्नुपऱ्यो", उहाँले भन्नुभयो, "स्थानीय सरकार वडापालिका र गाउँपालिकालाई संरक्षणका लागि माग राखे पनि त्यसको सुनुवाइ भएन ।" सिंजा गाउँपालिका अध्यक्ष पूर्ण प्रसाद धितालले नाच संरक्षणका बारेमा स्थानीयको गुनासोबारे जानकारी प्राप्त भएको र आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा त्यसलाई सम्बोधन गरिन प्रतिबद्धता व्यक्त गर्नुभयो । तिला गाउँपालिका-१ का अध्यक्ष जङ्गबहादुर बस्नेत सरकार मात्र नभई नयाँ पुस्ताले यसबारेमा चासो नदिँदा पनि नाच लोप हुन थालेको बताउनुहुन्छ । आगामी आर्थिक वर्षमा आफ्नो क्षेत्रमा यस्ता परम्परागत संस्कृतिको संरक्षणका लागि आवश्यक कार्यक्रम तर्जुमा गरिने बताउनुभयो ।

# बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण


■ नमस्ते समचारदाता
बाँके, माघ/१८




बाँकेको डुडुवा गाउँपालिकाका विद्यार्थीहरुलाई बालमैत्री स्थानीय शासन बारे अभिमुखीकरण गरिएको छ । गाउँपालिकाको सहयोगमा सामुहिक अभियान नेपालको सहजीकरणमा गाउँपालिका अन्तरगत रहेका विद्यालयहरुका विद्यार्थीलाई बालमैत्री स्थानीय शासन बारे जानकारी गराइएको हो । अभिमुखीकरणमा बाल अधिकार, स्थानीय शासन, स्थानीय तहको सेवा सुविधा, बाल संरक्षण तथा सम्वर्द्धन, बालमैत्री बाताबरण, बाल विकास तथा सहभागिता लगायतका विषयमा तेजविक्रम शाहले सहजीकरण गरेका थिए । डुडुवा गाउँपालिका अध्यक्ष नरेन्द्र कुमार चौधरीले विद्यालयमा अध्ययनरत बालबालिकाहरुलाई बालअधिकारसंग जोडिएका सामान्य विषयमा जानकारी हुनुपर्ने भएकाले यस्तो कार्यक्रमले मद्दत पुग्ने विश्वास व्यक्त गरे । उनले बालबालिकाले आफ्नो अधिकार बारे जानकारी पाएमा आफै पैरवी तथा समाज जागरणमा विशेष भुमिका निर्वाह गर्न सक्षम हुने बताए । अभिमुखीकरणमा डुडुवा गाउँपालिका अन्तरगत रहेका विद्यालयका कक्षा ६ देखि १० कक्षासम्मका विद्यार्थीहरुको सहभागिता रहेको थियो । अभिमुखीकरणको शुभारम्भमा गाउँपालिकाका शिक्षा शाखा प्रमुख सञ्जयकुमार कर्ण, स्वास्थ्य शाखा प्रमुख हेमन्त शर्मा, शिक्षक महासंघ बाँकेका उपाध्यक्ष शेखर रावत, सामुहिक अभियान नेपालका अध्यक्ष केसु पोखरेल, सचिव तारा वली, महिला अधिकारकर्मी लक्ष्मी पोखरेल, कृष्णा कार्कीले बालबालिकासँग जोडिएका विभिन्न विषयमा आ-आफ्नो धारणा व्यक्त गरेका थिए । बाँकेको डुडुवा, राप्तीसोनारी र जानकी गाउँपालिकामा विद्यालयका विद्यार्थी लक्षित कार्यक्रम गरिने अभियानका अध्यक्ष पोखरेलले जानकारी गराएका छन् ।

# प्रचारप्रसारको अभावमा सौन्दर्यले भरिपूर्ण सुनदेवी ताल ओझेलमा

■ नमस्ते समचारदाता
कञ्चनपुर, माघ/१८



चुरे पर्वत शृङ्खलाको घना वन क्षेत्रको बीच भागमा अवस्थित रहेको सुनदेवी ताल निकै मनमोहक छ । सूर्यको किरण तालमा पर्दा ताल पूरै पहेँलो देखिन्छ । त्यसैले यस ताललाई सुनदेवी भन्ने गरिन्छ । शुक्लाफाँटा नगरपालिका-८ मा पर्ने सुनदेवी ताल सौन्दर्यले भरिपूर्ण छ । वन क्षेत्रमा चिरबिर गर्ने विभिन्न प्रजातिका चराको आवाजले मन आनन्दित हुन्छ । हिँड्दै गर्दा नजिकबाट विचरण गर्दै गरेका चित्तल, बँदेल, बाँदर, दुम्सी र वन क्षेत्रमा उड्दै गरेका मयुर, लाटोकोसेरो, धनेसलगायत चरा देखेर प्रफुल्लित नहुने कोही हुँदैनन् । वन क्षेत्रमा फुलेका विभिन्न प्रजातिका फूलको सौन्दर्य पनि हेर्नलायक हुने गरेको छ । प्रचारप्रसार अभावमा यो क्षेत्र ओझेलमा परेको छ । यस क्षेत्रसम्म पुग्ने सडक अहिलेसम्म बन्न सकेको छैन । आन्तरिक पर्यटक तथा धार्मिकजनले पैदल नै यस क्षेत्रमा पुग्नुपर्ने बाध्यता छ । पूर्वपश्चिम राजमार्गको वन समितिबाट आठ किलोमिटरको दूरी वातावरण मध्यवर्ती सामुदायिक वनसम्म सवारीसाधनमा जान गर्न सकिने भए पनि त्यसपछिको पाँच किलोमिटर दूरी भने पैदल नै तय गर्नुपर्ने हुन्छ । सडक यातायात अभावसँगै प्रचारप्रसारको अभावमा थोरैमात्र आन्तरिक पर्यटक र धार्मिकजन यस क्षेत्रसम्म पुग्दै आएका छन् । चार सय मिटर लम्बाइ र दुई सय मिटर चौडाइ भएको सुनदेवी तालमा रहेको पानी हावाको वहाबसँगै नीलो र पहेँलो रङको देखिने गरेको छ । तालको चारैतिर घना वन क्षेत्र भए पनि तालमा भने रूखबाट खसेका पात भने देखिँदैनन् । चारैतिर पहाडले घेरिएको यो ताललाई जतातिरबाट हेरे पनि चौडाइ र लम्बाइ ठम्याउन निकै मुस्किल हुन्छ । चुरे क्षेत्रका अधिकांश तालमा माछा पाइने गरे पनि यो तालमा भने पाइँदैनन् । ताल छेउमा स्थानीय बासिन्दाले पूजा गर्दै आएको सुनदेवीको पुरानो खुला आकाशमुनिको भगवतीको थान छ । थानस्थलमा सन् १६७३ का पुराना ठूला घण्टी राखिएकाले यो क्षेत्र प्राचीनकालदेखि नै धार्मिक क्षेत्रका रूपमा रहेको पुष्टि हुन्छ । ताल नजिकै रहेको सुनदेवीको थपनामा भाकल गरे निःसन्तानले सन्तान प्राप्त हुने जनविश्वासका कारण यस क्षेत्रमा नवरात्रका बेला भाकल गर्ने र बर माग्नेको घुइँचो लाग्ने गरेको छ । नवरात्र, दसैँ, तिहार, माघेसङ्क्रान्तिमा पूजापाठ र भाकलका लागि यहाँ भक्तजन पुग्ने गरेको स्थानीय समाजसेवी दुर्गादत्त भट्टले बताउनुभयो । उहाँका अनुसार विवाह, व्रतबन्ध र ससाना नानीको कपाल मुण्डनका लागि भक्तजन यहाँ पुग्ने गरेका छन् । त्यो संख्या भने थोरैमात्र रहने गरेका छन् । ओझेलमा रहेको पर्यटकीय क्षेत्रको प्रचारप्रसार गर्न सकिए यस क्षेत्रको विकासमा टेवा पुग्ने उहाँ बताउनुहुन्छ । "ताल क्षेत्रसम्म पुग्ने सडक यातायातको व्यवस्था गर्न सकिए स्थानीय युवालाई गाउँमै रोजगारीका अवसर प्रदान गर्न सकिन्छ", उहाँले भन्नुभयो, "त्यसका लागि स्थानीय तहले चासो दिनुपर्छ ।" सुनदेवी तालको सौन्दर्य नियाल्नका लागि पुगेका सुरेश भट्ट यस क्षेत्रको विकासका लागि पहल गरिनुपर्नेमा जोड दिनुहुन्छ । "आँखा अगाडि नै हीरा छ", उहाँले भन्नुभयो, "टिप्नका लागि अग्रसर हुने कोही छैन, यस्तो मनोरम क्षेत्र हुँदाहुँदै पनि पूर्वाधार विकासमा चासो नदिइनु विडम्बना नै हो ।", शुक्लाफाँटा नगरपालिकाका प्रवक्ता लालबहादु ऐर रमणीय यस पर्यटकीय क्षेत्रको विकासका लागि पहल गर्ने बताउनुहुन्छ । "तालसम्म पुग्ने सडक निर्माण गर्न स्थानीय तहको बजेटले सम्भव नहुने भएकाले प्रदेश र सङ्घीय सरकारलाई प्रस्ताव गर्छौं", उहाँले भन्नुभयो, "पर्यटकीय क्षेत्रको प्रचार प्रसारका लागि योजनाबद्ध रूपमा अगाडि बढ्छौं ।" तराई क्षेत्रमा सवारीसाधनको प्रयोग गरी पुग्न सकिने सडक र चुरे क्षेत्रमा पदमार्ग निर्माण गरी आन्तरिक तथा बाह्य पर्यटकलाई पुग्न सकिने गरी कार्य गरिने उहाँको भनाइ छ । तालको दक्षिणतर्फ झण्डै सात किलोमिटर टाढाको स्टेशनपुर क्षेत्र अङ्ग्रेजहरूले काठ ओसार्नका लागि रेल स्टेशनका रूपमा प्रयोग गर्ने गरेकाले त्यो क्षेत्र एतिहासिक स्थानका रूपमा रहेको स्थानीय बासिन्दाको भनाइ छ । रेलको स्टेशन रहेको क्षेत्रलाई हाल स्टेशनपुर र अङ्ग्रेजले झण्डा गाडेको स्थानलाई हाल झण्डाबोझ नामले चिनिने गरेको छ । जङ्गबहादुर राणालाई अङ्ग्रेजले नयाँ मुलुक फिर्ता दिएपछि रेलका फलामका डण्डी हटाइएका यहाँका बूढापाका बताउँछन् । अझै पनि जङ्गलका बीचमा रेल कुदाउनका लागि बनाइएको पगडण्डीका बीचमा राखिएका काठ देखिने गर्दछन् ।

# कम तौल भएको चामलको बोरा बिक्री

■ नमस्ते समचारदाता
बैतडी, माघ/१८




बैतडीका विभिन्न बजार क्षेत्रमा बिक्री भइरहेको मोटो चामलको बोरामा कम तौल भएको पाइएको छ । ५० किलोको बोरामा एक किलो र २५ किलोको बोरामा आधा किलो चामल कम भएको पाइएको हो । सुदूरपश्चिम प्रदेशको राजधानी कैलालीको बालाजी राइस मिल, एच्छा राइस मिल र कञ्चनपुरको कृष्णपुरस्थित त्रिपुरासुन्दरी एग्रो इण्डस्ट्रिज प्रालिले उत्पादन गरी बैतडीमा बिक्री भइरहेको चामलको बोरामा आधा किलो र एक किलो तौल कम भएको बैतडीका व्यापारीले गुनासो गरेका छन् । पाटन नगरपालिका -८, विप्याकटाल बैतडीका खुद्रा व्यापारी हरिश बिष्टले चामलको बोरामा कम्पनीले ठगी गरेको गुनासो गर्नुभयो । उहाँले, बोरा खोलेर खुद्रा चामल बिक्री गर्दा व्यापारी र सिङ्गो बोरा किन्दा उपभोक्ता ठगिएको बताउनुभयो । बजारमा मोटो चामल प्रतिकिलो ५४ प्रतिकिलो दर रेटमा बिक्री भइरहेको छ । विभिन्न बजार क्षेत्रमा कम्पनीले कम तौल भएको चामलको बोरा पठाएको गुनासो आएकोले अनुगमन गरिने बैतडीका प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायले बताउनुभयो । उहाँले तुरुन्तै अनुगमन गर्ने तयारी भइरहेको बताउनुभयो । बैतडीवासीलाई वार्षिक ४८ हजार मेट्रिक टन खाद्यान्न आवश्यक पर्नेमा जिल्लामा छ हजार मेट्रिक टन मात्र धान फल्ने गरेको कृषि ज्ञान केन्द्र बैतडीको तथ्याङ्क छ । ठुलो परिमाणमा बाहिर जिल्लाबाट चामलको आपूर्ति हुने गरेको छ । बाहिर जिल्लाबाट आयात हुने खाद्यान्नमा उपभोक्ता ठगिने गरेका छन् । तथ्याङ्कअनुसार जिल्लामा १३ हजार मेट्रिक टन मकै, १० हजार मेट्रिक टन गहुँ र छ हजार मेट्रिक टन धान गरी जम्मा २९ हजार मेट्रिक टन खाद्यान्न उत्पादन हुने गरेको छ । अपुग हुने वार्षिक १८ हजार मेट्रिक टन खाद्यान्न बाहिरबाट आयात हुने गरेको पाइएको छ । बाहिरी जिल्लाबाट आउने खाद्यान्नमा तौल कम भएको विषयमा जिज्ञासा राख्दा खाद्य गुण नियन्त्रण कार्यालयले बैतडीको कार्यालय प्रमुख ललित कठायतले तौलका विषयमा आफ्नो क्षेत्राधिकार नभएको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले खाद्यान्नको गुणस्तर हेर्दै आएका छौं । तौलको विषयमा नाप तौल विभागले हेर्छ । यद्यपि बजामा कम तौल भएको चामलको बोराका विषयमा सम्बन्धित कार्यालयसँग समन्वय चाहिँ गर्छौं ।"

## कर्णाली...

कोरोनापछि सुस्ताएको पर्यटन व्यवसाय पुनः तँग्रिदै गएको पर्यटन व्यवसायी मोहन चौधरीले बताए । निकुञ्ज घुम्न आएका पर्यटकहरूमध्ये अधिकांशले प्राकृतिक रूपमै बाघ हेरेर फर्कने गरेको उनको भनाइ छ । बर्दिया राष्ट्रिय निकुञ्ज बाघ लगायत जंगली हात्ती, गैंडा, चितुवा, चित्तल, बाह्रसिङ्गा लगायतका जंगली जनावर सहजै र एकै दिनमा हेर्न सकिने भएको हुनाले पनि स्वदेशी र विदेशी पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ । सो निकुञ्जमा १२५ वटा बाघ छन् । पाटेबाघ, एकसिंगे गैंडा, चितुवा, घोडगधा, जरायो, चित्तल, लगुना, बाह्रसिंगा र जंगली हात्ती लगायतका ६१ प्रजातिका स्तनधारी वन्यजन्तु, ४२ भन्दा बढी प्रजातिका घस्रने वन्यजन्तु र ५१३ रैथानेसहित बसाइँसराई गरी आउने चराहरु रहेका छन् ।

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यात्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
सोरू गाउँपालिका
मुगु

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यात्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
महावै गाउँपालिका
कालिकोट

# सोलार लिफ्ट आयोजना अलपत्र

नमस्ते समचारदाता
जुम्ला, माघ/१८



लाखौँ बजेटबाट निर्माण गरेका सोलर लिफ्ट सिँचाइ आयोजना अलपत्रमा परेका छन् । प्रदेश सरकार र स्थानीय तहको बजेटबाट निर्माण गरिएका उक्त आयोजना विशेषगरी उपलब्धिविहीन भएका हुन् । जिल्लाको तिला गाउँपालिकामा चार, हिमामा चार र तातोपानीमा आठ गरी १६ वटा लिफ्ट सिँचाइका आयोजना निर्माण भएका छन् । प्रतिआयोजनामा कम्तीमा रु ५० लाखभन्दा बढी बजेट खर्च गरिएका छन् । तर, अहिले चारवटा आयोजना मात्र सञ्चालनमा छन् । बाह्रवटा लिफ्ट सिँचाइका आयोजना लथालिङ्ग अवस्थामा छन् । तातोपानी गाउँपालिकामा आठवटा लिफ्ट सिँचाइका आयोजना निर्माण भए पनि अहिले दुईवटा मात्र सञ्चालनमा रहेको योजना अधिकृत ओमबहादुर चन्दले बताउनुभयो । यहाँ निर्माण भएका लिफ्ट सिँचाइ आयोजना अघिल्लो पाँचवर्षे कार्यकालमा निर्माण भएका हुन् । सोलार प्रणालीबाट सञ्चालन गरिएका लिफ्ट सिँचाइ आयोजना खासै टिकाउ भएनन् । अहिले यो चालु आर्थिक वर्षमा १ र ६ नं वडामा विद्युतीय प्रणालीबाट सञ्चालन हुने लिफ्ट सिँचाइ आयोजना निर्माणाधीन अवस्थामा रहेको गाउँपालिका योजना शाखाका अधिकृत चन्दको भनाइ छ । हिमा गाउँपालिकामा चारवटा सोलार प्रणालीमार्फत निर्माण भए पनि अहिले सबै आयोजना सञ्चालनमा नरहेको गाउँपालिका सूचना अधिकारी रतन रावतले जानकारी दिनुभयो । सोलार प्रणालीबाट सञ्चालन गरिएका सिँचाइ आयोजना खासै सफल भएका छैनन् । गाउँपालिका-३, मोप्लागाउँमा दुई सय ८५ घरपरिवारले सिँचाइ पुग्नेगरी २०७७ सालमा लिफ्ट सिँचाइ आयोजना निर्माण भएको थियो । कर्णाली प्रदेश भूमि व्यवस्था तथा कृषि, सहकारी मन्त्रालयको सहयोगमा गाउँमा रु ५० लाखमा आधुनिक प्रविधियुक्त लिफ्ट सिँचाइ आयोजना निर्माण भएको थियो । सोलार प्यानलको आयु कम्तीमा २५ देखि ३० वर्षसम्म हुने र त्यतिबेलासम्म सिँचाइ गर्न सकिने अपेक्षा गरिएको थियो, अहिले प्रयोगविहीन भएको सूचना अधिकारी रावतको भनाइ छ । तिला गाउँपालिका अध्यक्ष मोतीलाल रोकायाका अनुसार तिलामा चारवटा लिफ्ट सिँचाइ आयोजना छन् । चारवटा आयोजनामध्ये विद्युतीय प्रणालीबाट जडान गरिएका दुईवटा आयोजना मात्र सञ्चालनमा रहेको बताउनुभयो । जुम्लाको कुल क्षेत्रफल दुई लाख ५३ हजार एक सय हेक्टरमध्ये ३९ हजार चार सय ८६ हेक्टर जमिन खेतीयोग्य छ । खेतीयोग्य भूमिमा पनि सिञ्चित तीन हजार तीन सय ६४ हेक्टर र असिञ्चित (पाखो) २३ हजार ७१ हेक्टर रहेको कर्णाली प्रदेश भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालयले जनाएको छ । अहिले २६ हजार चार सय ३५ हेक्टरमा मात्र खेती भएको छ । जिल्लामा खेतीका लागि सिँचाइ सुविधा पुगेको भन्दा नपुगेका जमिन धेरै छ । सिँचाइ नहुने जमिनमा विशेषगरी कोदो, मकै, जौ, गहुँ, फापर, आलु, सिमी, चिनो र फलफूलतर्फ स्याउ, ओखर लगाइँदै आएको छ । सिञ्चित नहुने जमिनमा सिँचाइ सुविधा पुर्याउन एक दशकअघिदेखि नजिकको तिला र हिमा नदीको पानी सोलार प्रणालीबाट लिफ्ट गरी सिँचाइ गर्ने योजना ल्याए पनि आयोजना दीर्घकालीन रूपमा सञ्चालन हुन नसकेको यहाँका स्थानीयवासी बताउँछन् ।

# सीमावर्ती बजार धाउँदै दुर्व्यसनीहरु

नमस्ते समचारदाता
बाँके, माघ/१८



सुरक्षा निकायले पछिल्लो पटक बाँकेमा लागुऔषध सेवनकर्ता तथा कारोबारी उपर निगरानी बढाउन थालेपछि उनीहरू भारतीय सीमा क्षेत्रका बजार तर्फ धाउन थालेका छन् । भारतीय सीमावर्ती बजार रुपईडिहा, बाबागञ्ज र नानपारा सम्म लागुऔषध सेवनकर्ता पुग्ने गरेका छन् । भारतीय बजारको औषधि पसलहरुमा लागुऔषधहरु निर्वाधरूपमा खरिद गर्न पाउने भएपछि बाँके, बर्दिया लगायत छिमेकी जिल्लाका कारोबारी र दुर्व्यसनी सिमावर्ती बजार तिर धाउन थालेका हुन् । जिल्लाको विभिन्न स्थानमा लागुऔषध सहित पक्राउ परेका व्यक्ति उपर अनुसन्धान गर्दा उक्त कुरा खुल्न आएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ । बाँके बर्दिया लगायत आसपासका जिल्लामा प्रहरीको सक्रियताले लागुऔषध बिक्री नियन्त्रण भएपनि भारतीय सीमावर्ती बजारमा भने फसेका युवा युवतीहरु स्कुटर, मोटर साइकल वा अटोमा भारतीय बजार रुपईडिहा जान्छन् । लागुऔषध सेवन र खरिद गरी आफ्नो सवारी साधनमा लुकाईछुपाई ल्याउने पनि गर्छन् । कतिपय पक्राउ पर्छन् भने कोही भित्र्याउन पनि सफल हुन्छन् । भित्र्याएका प्रतिबन्धित औषधीजन्य पदार्थ जिल्लामा तीन गुणा बढी मूल्यमा बिक्री हुने एक दुर्व्यसनीले नाम सार्वजनिक नगर्न आग्रह गर्दै बताए । जिल्ला प्रहरी कार्यालय बाँकेका अनुसार खुला सिमानाकाका कारण भारतीय बजार सहजरूपमा आउजाउ हुने तथा भारतमा औषधीजन्य लागुपदार्थ बिक्रीमा कडाई नभएका कारण पनि दुर्व्यसनी र कारोबारी भारतीय सीमाक्षेत्रका बजार तर्फ आकर्षित भएका हुन् ।

# जमुना नाकाबाट ब्राउनसुगर सहित २ जना पक्राउ

नमस्ते समचारदाता
नेपालगन्ज, माघ/१८



नेपाल भारत सिमानाबाट शुक्रबार ब्राउनसुगर सहित दुई जना नेपाली पक्राउ परेका छन् । बाँकेको नेपाल भारत सिमाना जमूना स्थित लागु औषध नियन्त्रण ब्यूरो नेपालगञ्ज र इलाका प्रहरी कार्यालय जमुनाबाट खटिएको संयुक्त प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको हो । भारत तर्फबाट नेपाल तिर आइरहेका सुर्खेत लेखबेशी नगरपालिका-१ रातामाटाका ३० वर्षिय भक्तराज थापा र दैलेख भगवतीमाई गाउँपालिका-३ का २८ वर्षिय हिमाल खड्का पक्राउ परेका हुन । नाकामा उनीहरुलाई चेकजाँच गर्ने क्रममा भक्तराज थापाले लगाएको दाहिने खुट्टाको जुत्ता भित्र लुकाई छिपाई राखेको लागु औषध ब्राउन सुगर जस्तो देखिने ११ ग्राम ४७० मिलिग्राम खैरो धुलो पदार्थ (ब्राउनसुगर) फेला परेको र उनीहरु दुबै जनालाई नियन्त्रणमा लिई थप अनुसन्धान तथा कानूनी कारबाहीको प्रक्रिया अगाडि बढाइएको जमुना प्रहरीले जनाएको छ ।

# आर्थिक भार बढाउँदै स्थानीय तह

नमस्ते समचारदाता
दैलेख, माघ/१८




लोकप्रियताका नाममा स्थानीय सरकारका जनप्रतिनिधिले आफूखुसी नीति तथा कार्यक्रम निर्माण गर्ने र बजेट खर्च गर्ने समस्याले स्थानीय तहमा आर्थिक व्ययभार बढाउने गरेको पाइएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै सङ्घीय सरकार र प्रदेश सरकारमार्फत आउने राजस्व बाँडफाट, अनुदान रकमलाई विकास निर्माणभन्दा पनि लोकप्रियताका नाममा जथाभाबी कार्यक्रम बनाउने गरिएको छ । यसले गर्दा दैलेख जिल्लाका ११ स्थानीय तहले आर्थिक व्ययभार बढाउँदै गएको महालेखाको प्रतिवेदनमा उल्लेख गरिएको छ । महालेखाको प्रतिवेदन अनुसार जिल्लाको नारायण नगरपालिकामा रहेको आर्थिक अवस्था कमजोर रहेका नागरिकको खानेपानी महुसल तिर्ने नाममा २५ लाख खर्च गरेको पाइएको छ । नगरपालिकाले एक हजार ८१० घरधुरीका नागरिकको खानेपानीको महसुलबापत १६ लाख २९ हजार रुपियाँ र एक हजार ९१३ घरधुरीको खानेपानीको महसुलबापत आठ लाख ७१ हजार गरी २५ लाख रुपियाँ भुक्तानी गरेको छ । महालेखाले भनेको छ, “वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै सङ्घीय सरकार र प्रदेश सरकारमार्फत आउने राजस्व बाँडफाँट, अनुदान रकमलाई विकास निर्माण कार्यमा खर्च गर्नुपर्नेमा नगरपालिकाले अन्य शीर्षकमा खर्च गरेकाले २५ लाख रकमलाई नियमसम्मत मान्न सकिँदैंन ।” नगरपालिकाले असहाय एकल महिला तथा पुरुषलाई सामाजिक सुरक्षा भत्ताबापत भत्ता वितरण कार्यविधि, २०७९ निर्माण गरी ५५ वर्षमाथिका एकल महिला तथा पुरुषलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने गरेर ६६ जनालाई एक हजारका दरले आठ लाख १५ हजार रुपियाँ खर्चसमेत गरेको छ । महालेखाले अनुत्पादक कार्यमा खर्च गरेको भन्दै यस्ता कार्यमा खर्च नगर्नसमेत सुझाव दिएको छ । जिल्लाको डुङ्गेश्वर गाउँपालिकाले समेत लोकप्रियताका नाममा लाखौँ रकम अनुत्पादक क्षेत्रमा खर्च गरेको छ । गाउँपालिकाले ४५ वर्षमाथिका एकल पुरुष तथा महिलालाई सामाजिक सुरक्षा भत्ता वितरण गरी पाँच लाख ७२ हजार खर्च गरेको छ । सङ्घीय सरकारले प्रदान गर्ने सामाजिक सुरक्षा भत्ता पाएका नागरिकलाई समेत दोहोरो भत्ता दिएको भन्दै दोहोरो भत्ता पाएका नागरिकबाट ११ हजार पाँच सय असुल गर्नुपर्ने उल्लेख गरिएको छ । गाउँपालिकाले प्रत्येक वडा कार्यालयमा सरसफाइ कार्यकर्ता राखेर छ महिना कार्य गरेबापत एक लाख ८३ हजारका दरले ११ लाख भुक्तानी गरेको देखिएको छ । सरसफाइका कार्यकर्ताका नाममा पार्टीका नेता कार्यकर्तालाई नियुक्त गरी आर्थिक अनियमितता हुने सक्ने भन्दै त्यस्ता कार्य बन्द गर्न महालेखाले सुझाव दिएको छ । आन्तरिक आम्दानीको समेत ख्याल नगरी नीति तथा कार्यक्रम तयार गर्दा महालेखाले बेरुजु धेरै देखाउने गरेको समेत स्थानीय सरकारहरूले जानकारी दिएका छन् । नारायण नगरपालिकाका प्रवक्ता एवं वडा नं ६ का वडाध्यक्ष जनक न्यौपाने निर्वाचनका बेला जनताका बिचमा गरिएका प्रतिबद्धता अनुसार काम गर्न खोजे पनि आन्तरिक आम्दानी न्यून हुने र सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम खर्च गर्न कठिन हुने बताउनुभयो । उहाँले निर्वाचनका बेला खानेपानीको महसुल छुट, ज्येष्ठ नागरिकको घरदैलोमा स्वास्थ्य जाँच, गर्भवती महिला तथा असल आमा सम्मान गर्ने भने अनुसार अहिले सहयोग गरिएको जिकिर गर्नुभयो । डुङ्गेश्वर गाउँपालिका अध्यक्ष सुन्दर केसीले अघिल्लो सरकारले सञ्चालन गरेका कामलाई आन्तरिक आम्दानी कमजोरी देखाएर गएको खण्डमा आफू र आफूले प्रतिनिधित्व गर्ने राजनीतिक पार्टीलाई समस्या हुने देखिएपछि यस्ता कार्यक्रम सञ्चालन गरिरहेको बताउनुभयो । नागरिक समाजका अगुवा वीरबहादुर भण्डारीले स्थानीय सरकारले आफ्नो आन्तरिक आम्दानी वृद्धिभन्दा पनि आएको रकमलाई कसरी सक्ने भन्ने उद्देश्यले मात्र कार्यक्रम सञ्चालन गरिरहेको आरोप लगाउनुभयो ।

गाउँपालिका द्धारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं ।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं ।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं ।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।

नाम्खा गाउँपालिका
हुम्ला

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

ताँजाकोट गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके